कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय कोहलपुर,बाँके

५ नं.प्रदेश,नेपाल ।

सुचना प्रकाशित मिति : २०७६/०७/१९

कोहलपुर नगरपालिकाको चालु आ.व.२०७६/०७७ का लागि स्वीकृत आर्थिक विकास तर्फ लक्षित वर्ग सम्बन्धी देहायमा उल्लेखित कार्यक्रमहरु चालु आ.व.मा सम्पन्न गर्नका लागि स्थानीय गैर सरकारी संस्था तथा सेवा प्रदायक संस्थाहरुद्धारा संचालन गर्नुपर्ने भएकोले तोकिएको शर्तको अधिनमा रही काम गर्न ईच्छुक गैर सरकारी संस्थाहरु तथा सेवा प्रदायक संस्थाहरुद्धारा आवश्यक कागजात संलग्न राखि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नहुन यसै सुचनाद्धारा जानकारी गराईन्छ । यस कार्यक्रमको **कार्यक्षेत्रगत शर्त (TOR)** नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।

## १.महिलाहरुको लागि सिपमुलक तथा आयआर्जन कार्यक्रम

| सि. न. | कार्यक्रम | संचालन हुने स्थान | इकाई ( पटक) | सहभागी संख्या | विनियोजित रकम भ्याट तथा कर सहितको | प्रस्तावको ढा |
|---|---|---|---|---|---|---|
| १ | महिलाहरुको लागि एडभान्स ब्युटिपार्लर तालिम | कोहलपुर नगरपालिकाका सबै वडाहरु | १ पटक | ३० जना महिला (४ महिना) | ६००,०००।०० | प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा रु.१,०००।- तिरी कार्यालयबाट प्राप्त गर्न सकिनेछ । |
| २ | महिलाहरुको लागि एडभान्स सिलाई कटाई तालिम | कोहलपुर नगरपालिकाका सबै वडाहरु | १ पटक | ३० जना महिला (३ महिना) | ५००,०००।०० | प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा रु.१,०००।- तिरी कार्यालयबाट प्राप्त गर्न सकिनेछ । |

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

बिरेन्द्रदेव भारती
(प्रमुख प्रशासकिय अधिकृत)

**कोहलपुर नगरपालिका नगर कार्यपालिकाको चालू आ.व. २०७६/०७७ का लागि स्वीकृत आर्थिक विकास तर्फ अन्तर्गत लक्षित समूहको लागि आयआर्जन कार्यक्रम कार्यान्वयन गर्न साझेदार संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)**

**१. कार्यक्रमको पृष्ठभूमी :** नेपालको संविधान २०७२ को मर्म र भावना तथा संविधानले तोकेका निर्देशक सिद्धान्त र नीति तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे वमोजिम कोहलपुर नगरपालिका क्षेत्रमा बसोबास गर्ने लक्षितवर्ग विपन्न समुदायका महिलाहरुको आयआर्जन, सिपविकास लगाएत व्यावसायिक क्षेत्रमा क्षमता अभिवृद्धि गरी उनीहरुको आयआर्जन र स्वरोजगारमा पहुँच पुर्‍याइ सामाजिक आर्थिक विकासको मूल प्रवाहमा समाहित गराउन यो कार्यक्रम संचालन गरिने छ । आ.व. : २०७६/०७७ को नगर सभाबाट स्वीकृत कार्यक्रमहरु स्थानीय गैर सरकारी संस्था तथा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन गर्नुपर्ने भएकोले कार्यक्रम संचालन गर्नका सबै चरणहरु पुरा गरी कार्यक्रम कार्यान्वयन गर्न सक्ने अनुभवी, योग्य तथा क्षमता भएका सेवा प्रदायक संस्थाहरु छनौटको लागी यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

**सेवा प्रदायक संस्थाको संस्थागत योग्यता तथा ज्ञान सिपको विवरण :**

- प्रस्ताव पेश गर्न आव्हान गरीएको सूचना वमोजिम योग्य भएको ।
- सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।
- प्रस्ताबित कार्य गर्न आवश्यक पर्ने भौतिक सुविधा, जनशक्ति र उपकरण भएको ।
- आर्थिक रुपले सक्षम रहेको ।
- यस भन्दा पहिले यस्तै प्रकृतिका कामहरु गरेको ।
- यस नगरपालिकामा संस्था वा आफ्नो ब्यवसाय दर्ता गरेको ।

**२. कार्यक्रमको उद्देश्य** : यस कार्यक्रमको उद्धेश्य सामाजिक तथा आर्थिक रुपले पिछडिएका अति विपन्न गरिवीको रेखामुनी रहेका लक्षितवर्गहरु महिलाहरुको सिपविकास,आयआर्जन तथा जिविकोपार्जनमा सुधार गर्ने ।

**३. कार्यक्षेत्र :** कोहलपुर नगरपालिका वडा नं.०१ देखि १५ सम्म ।

**४.समयावधि** :

१. महिलाहरुको लागि एडभान्स ब्युटिपार्लर तालिम कार्यक्रमको लागि ४ महिना ( १२० कार्यदिन र प्रतिदिन ६ घण्टाको तालिम शेषन)

२. महिलाहरुको लागि एडभान्स सिलाई कटाई तालिम कार्यक्रमको लागि ३ महिना ( ९० कार्यदिन र प्रतिदिन ६ घण्टाको तालिम शेषन )

**५. सेवा प्रदायक संस्थाले अनिवार्य पालन गर्नुपर्ने कुराहरु :**

**(क) प्रारम्भिक सर्वेक्षण** : कार्यक्रम संचालन गर्नुपूर्व कार्यक्षेत्र भित्रका लक्षित बर्ग पहिचानका लागी आधारभूत सर्वेक्षण गर्ने विधि, सहभागी संख्या, कार्य अवधि लगायतका विषयहरु ।

**(ख) विषयगत समिति,नगर कार्यपालिका,वडा अध्यक्ष र वडा कार्यालय संगको समन्वय** : यस कार्यक्रमको प्रारम्भिक चरण देखि सार्वजनिक परीक्षण तथा अनुगमन सुपरिवेक्षण गर्ने अवधी सम्म आर्थिक विकास समिति,

वीरेन्द्रदेव भारती
प्रशासकीय अधिकृत

नगरकार्यपालिकाको कार्यालय, कार्यक्रम संचालन हुने सम्बन्धित वडाका वडा अध्यक्ष तथा वडा कार्यालय संगको समन्वय तथा सल्लाह सुझाव अनुसार कार्यक्रम संचालन गनुपर्ने ।

**(ग) लाभान्वित परिवार तथा सहभागि छनौट प्रक्रिया :**

- कार्यक्रमको लक्ष्य उदेश्य अनुसार छनौट गर्नुपर्ने लाभान्वित परिवार तथा सहभागिको छनौट सम्बन्धित वडा कार्यालयको शिफारिस तथा आर्थिक विकास समितिको समन्वयमा गर्नुपर्ने छ । यदि सम्बन्धित वडा कार्यालयले लक्ष्य अनुसारको परिवार तथा सहभागीको संख्या छनौंट गर्न नसकेमा आर्थिक विकास समितिको शिफारिसमा अर्को वडाबाट लक्ष्य अनुसारको सहभागि तथा परिवार छनौट गर्नुपर्ने छ ।

- छनौट भएका लाभान्वित परिवार तथा सहभागिहरुको सम्बन्ति वडा कार्यालयको शिफारिस सहित नागरिक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलीपी कार्यक्रम शुरुवात गर्नुपुर्व अनिवार्य रुपमा आर्थिक विकास शाखामा पेश गर्नुपर्ने छ ।
- सहभागि छनौट गर्दा आधारभुत तालिम प्राप्त गरेका सहभागिहरुलाई मात्र छनौट गर्नुपर्नेछ ।

**६.प्रस्तावको ढाँचा :**

**क) प्राविधिक प्रस्ताव :**

तल उल्लेख गरिएका विषयहरुका बारेमा विवरण पेश गर्नुहोला ।

क. संस्थाको पृष्ठभूमि :

ख. संस्थाको उद्देश्य, नीति तथा कार्यअनुभव

ग. यस कार्यक्रमका बारेमा संस्थाको धारणा :

घ. कार्यक्रमको लक्ष्य उदेश्यहरु

ङ. सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु :

च. कार्यक्रम संचालन विधि पद्धति र प्रक्रिया :

छ. कार्यक्रमको अपेक्षित उपलब्धीहरु

ज. कार्यक्रम कार्यान्वयनको कार्यतालिका :

झ. मुल्यांकन अनुगमन तथा सुपरिवेक्षण

ञ. कार्यक्रमको दिगोपना

ट. विज्ञ/प्रशिक्षकको विवरण,योग्यता र अनुभव :

ठ. संस्थाको विद्यमान जनशक्रिको विवरण, योग्यता र अनुभव :

ड. सस्थाको आफ्नो भौतिक पुर्वाधारको अवस्था :

(कार्यालय भवन, फर्निचर कम्प्युटर, सवारी साधान इत्यादि )

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश नेपाल

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

ख) वित्तिय प्रस्ताव :

## वित्तीय प्रस्तावको ढाँचा

| सि.न. | विवरण | कोहलपुर नगरपालिकाले ब्यहोर्ने लागत रकम ( मू..अ.कर बाहेक ) | | संस्थाले योगदान दिने लागत रकम | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | उप जम्मा | | | | |
| | मुल्य अभिबृद्धि कर १३ प्रतिशत | | | | |
| | कुल जम्मा | | | | |

**७. प्रस्ताव मूल्यांकन गर्ने तरिका** : प्राप्त भएका प्रस्ताहरुको मूल्याङ्कन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिनेछ ।

**८. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- TOR मा संलग्न विवरणहरु र सो लाई पुष्ट्याई गर्ने प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
- सूचनामा उल्लेखित विषयहरु र TOR मा उल्लेख भएका शर्तहरु र कालो सूचीमा नपरेको स्वघोषणापत्र छनौटको प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अंक दिइने छैन र यस्तो शर्त पूरा नभएको आशयपत्र माथि पनि कुनै कारवाही हुने छैन

**९.आवश्यक काँगजातहरु :**

१) जिल्ला स्थित सरकारी निकाय,कम्पनी तथा यस नगरपालिकामा व्यवसाय दर्ता र नविकरण भएको (२) क्षेत्रगत कार्यको अनुभव भएको (३) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको (४) नियमानुसार वार्षिक नविकरण गरेको (५) आ.व.२०७५।०७६ सम्मको लेखा परिक्षण सम्पन्न गरेको प्रतिवेदन (६) आ.व. २०७५।०७६ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलीपी (कर चुक्ता गर्नु नपर्ने संस्थाले विवरण पेश गरेको प्रतीलीपी (७) नगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको (०८) काम गरेको अनुभव पत्र (०९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष वा संचालक स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको (१०) प्रकाशित भएको सूचना तथा कार्यक्षेत्रगत शर्त **ToR** मा उल्लेख भएका विषयको अधिनमा रही साझेदारीमा (Joint Venture) मा कामगर्न चाहेमा बढिमा २ वटा सेवा प्रदायक संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन सेवा प्रदायक संस्थाले नेतृत्व गर्ने हो सो व्यहोरा साझेदार गर्ने सेवा प्रदायक संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्ष वा प्रमुखले दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ (११) यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन तथा आर्थिक प्रशासन नियमावली बमोजिम हुनेछ (१२) प्राविधिक तथा आर्थिक प्रस्ताव

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

अलग-अलग खामवन्दी गरी पेश गर्नुपर्नेछ । (१३) प्रस्तावदाताहरुले नगरपालिका कार्यालयमा यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ला रहने दिनमा प्रस्ताव पेश गर्न पाईने छ । (१४) सवै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजाको सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ (१५) दर्ता भएका सवै प्रस्ताव २०७६ मंसिर ०४ गते कार्यालय समय भित्रमा प्रस्तावकको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन, (१६) छनौटमा परेका संस्थाहरुसंग कार्यक्रम संचालन सम्बन्धि सम्झौता गर्दा स्रोतको अवस्थालाई मध्यनजर गरी गर्न सकिने अधिकार कोहलपुर नगरपालिका संग सुरक्षित रहनेछ । (१७) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटीमा पनि हेर्न सकिनेछ । **थप जानकारीका लागि** कोहलपुर नगरपालिका कार्यालयको वेवसाईट : www.kohalpurmun.gov.np हेर्न तथा नगर कार्यपालिकाको कार्यालबाट समेत बुझ्न सकिने छ ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत